HBL

हिमालयन बैंक लिमिटेड

Himalayan Bank Ltd.

ग्राहकसेवामा गौरवमय २५ वर्ष

# २५ औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

शेयरधनी महानुभाव,

**विषयः विवरण (माइन्यूट)**

महाशय,

यस बैंकको मिति २०७४ साल पौष २८ गते शुक्रबार सम्पन्न भएको पच्चीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# पच्चीसौं (२५) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

१. **वैधानिक सभा**:

हिमालयन बैंक लिमिटेडको २०७४ पौष ६ गते बसेको संचालक समितिको ३५०औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको पच्चीसौं वार्षिक साधारण-सभा संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठको अध्यक्षतामा सुसम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान**:

मिति : २०७४ साल पौष २८ गते शुक्रबार (१२ जनवरी २०१८)

समय : बिहान ११:०० बजे

स्थान : कार्की ब्यांक्वेट, माईतीघर, काठमाडौं ।

३. **सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम** :

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०७४/०९/०७ र अन्नपूर्ण पोष्टमा मिति २०७४/०९/०९ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

४. **छलफलको विषय-सूची** :

क) सामान्य प्रस्ताव

१) पच्चीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १.३१५८ प्रतिशत नगद लाभांश रू. ८ करोड ५४ लाख १६ हजार ७ सय ८२ (बोनस शेयरको कर प्रयोजनको लागि) दिने प्रस्ताव स्वीकृत गर्ने,

४) बैंकले आर्थिक वर्ष २०७३/७४ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत श्री प्रेम सेवा समाज, नाम्टार गा.वि.स. मकवानपुरलाई एम्बुलेन्स किन्नका लागि प्रदान गरेको जम्मा रू. १२ लाख, श्री सिद्धि मेमोरियल फाउन्डेसन, भक्तपुरलाई प्रदान गरिएको

बिरामी दर्ता किताब छपाई तथा टेलिभिजन खरिद वापतको रू. १९०,७९७/३४, श्री मैतीदेवी मन्दिरको सुरक्षार्थ मन्दिर परिसरमा जडान गरिएको सि सि टी भी खरीद तथा जडान वापतको रू. १५७,५१६/२०, एच. बि. एल. सेजन फेलोसिप अन्तर्गत ४ जना आर्थिक पत्रकारहरूलाई प्रदान गरिएको उक्त फेलोसिप अवार्ड वापतको रू. २३०,०००/०० मात्र अनुमोदन गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/७५ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सले लगातार तीन वर्ष लेखापरिक्षण कार्य गरिसक्नु भएको छ ।)

ख) विशेष प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको २५ प्रतिशतले हुने रू. १ अर्ब ६२ करोड २९ लाख ५ हजार ८ सय ७५ बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने,

ग) विविध

## ५. उपस्थिति:

संचालकहरू:

| | | |
|---|---|---|
| १. | श्री मनोजबहादुर श्रेष्ठ | अध्यक्ष |
| २. | श्री असरफ एम. वाथ्रा | प्रथम उपाध्यक्ष |
| ३. | श्री प्रचण्डबहादुर श्रेष्ठ | द्वितीय उपाध्यक्ष |
| ४. | श्री सुशीलविक्रम थापा | संचालक |
| ५. | श्री जितेन्द्र धिताल | संचालक |
| ६. | श्री उपेन्द्र केशरी पौड्याल | संचालक |

पर्यवेक्षक:

| | | |
|---|---|---|
| १. | गंगा के.सी. | प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय |

लेखापरिक्षक:

| | | |
|---|---|---|
| १. | श्री संजय गौतम | प्रतिनिधि, श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स |

अन्य पदाधिकारीहरू:

| | | |
|---|---|---|
| १. | श्री अशोक राणा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री इजाज कादीर गिल | वरिष्ठ महाप्रबन्धक |
| ३. | श्री शुशील जोशी | महाप्रबन्धक |
| ४. | श्री उज्जल राज राजभण्डारी | नायब महाप्रबन्धक |
| ५. | श्री अनुप मास्के | नायब महाप्रबन्धक |

६. श्री रविन्द्र नारायण प्रधान — सहायक महाप्रबन्धक
७. श्री महेश्वर प्रसाद जोशी — सहायक महाप्रबन्धक

शेयरधनीहरूको उपस्थिति:

| | | |
|---|---|---|
| क) | सर्वसाधारण शेयरधनी | १२३२ जना |
| ख) | संस्थापक प्रतिनिधि | ९ जना |
| ग) | जम्मा उपस्थित शेयरधनीहरूको संख्या | १२४१ जना |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

**६) सभाको वैधानिकता र सभापतित्व:**

साधारण सभा शुरू हुनअघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन र बैंकको नियमावली तथा प्रचलित कानून बमोजिम पच्चीसौं वार्षिक साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिंदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

**७) सभा संचालन:**

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका सभापति श्री मनोजबहादुर श्रेष्ठले पच्चीसौं वार्षिक साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् सभापतिज्यूले विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तदनुरूप निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

१) श्री नरसिंहलाल चखुं
२) श्री अशोक उप्रेति
३) श्री दिवाकर खड्का

**८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :**

८.१ शुभकामना र आभार :

पच्चीसौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकटगर्ने सबै शेयरधनी महानुभावहरूले २५% बोनस शेयर र १.३१५८% नगद लाभांश प्रदान गरिएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । उहाँहरूले हिमालयन बैंकको सन्तुलित डिभिडेन्ड पोलिसीलाई कायम राख्दै ८ अर्ब चुक्ता पूँजी भए पछि पनि आउँदा दिनमा बैंकले बोनस शेयर तथा नगद लाभांश बढाउँदै लैजाओस भन्ने चाहना व्यक्त गर्नु भयो । विगत पच्चीस वर्षदेखि सेवारत यो बैंक नेपालको वित्तीय क्षेत्रमा सुरक्षित, भरपर्दो, विश्वसनीय र अग्रणी

भएकोमा सबैको समान धारणा थियो । बिना मर्जर, एक्विजिसन बैंक आफैले आवश्यक पूँजी पुऱ्याउन सकेकोमा खुशी लागेको शेयरधनी महानुभावहरूले बताउनु भयो । मन्तव्य प्रकट गर्ने महानुभावहरूले देशमा देखापरेको राजनीतिक अस्थिरता, अन्योल तथा व्यवसायमा बढेको प्रतिस्पर्धामा तथा आर्थिक विचलनबाट बैंक सचेत भएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो ।

८.२ जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

८.२.१) श्री नरसिंहलाल चखुं

समिक्षा वर्षमा बैंकको प्रगति राम्रो देखिएको छ । बैंकको Net Interest Income, Earning per Share जस्ता सुचाङ्कहरू सकारात्मक रहेको छ । बैंकले आउँदा दिनमा पनि यही गतिमा प्रगती कायम राख्न EPS, NBA, NPA, FX income को व्यवस्थापनमा चनाखो रहनु पर्नेछ । बैंकको Risk Management लाई बलियो बनाउनु पर्छ । Counter Guarantee मा आधारित कर्जामा सचेत हुनु पऱ्यो । बैंकले लेखा प्रतिवेदनलाई NFRS पद्धतिमा तयार गर्नु पर्ने सुझाव दिनु भयो । सबै शाखा तथा व्यवसाय केन्द्र नाफा नोक्सानप्रति सचेत हुनु पर्ने सुझाव दिनु दियो । बैंकले गरेको समाज कल्याणका कार्यले बैंकको छवि उज्वल रहेको तथा सो कार्यलाई अझ बढाउन सल्लाह दिनु भयो ।

प्रतिवेदनमा विगत ५ वर्षको मुख्य सुचाङ्क दिंदा बेसरेटलाई पनि समावेश गर्न सुझाव दिनु भयो । अन्त्यमा बैंकलाई प्रगति पथमा डोऱ्याउने मानव संसाधनलाई उचित प्रोत्साहन दिन सल्लाह दिनु भयो ।

८.२.२) अशोक उप्रेति

बैंकको प्रगति उत्साहजनक रहेको छ । विगत २५ वर्षमा बैंकले गरेको प्रगति तथा लगानीकर्तालाई प्रदान गरेको मुनाफा गौरव गर्न लायकको छ ।

बैंकिङ्ग व्यवसायमा परि आउने मेलम्ची जस्ता दुर्घटनाबाट पाठ सिकेर, त्यस्ता घटना भविष्यमा दोहरिन नदिन सचेत रहन आग्रह गर्दै सो मुद्दामा के भई रहेको छ जानकारी माग्नु भयो । २५ वर्षको कार्यकालमा बैंकको प्रगतिमा योगदान दिने कर्मचारीहरू धन्यवादका पात्र छन् ।

८.२.३) श्री दिवाकर खड्का

यसपालिको नाफाबाट शेयरधनीलाई २५ प्रतिशत बोनस शेयर दिएकोमा धन्यवाद छ ।

बैंकले मर्जर एब्जिक्शिन विना नै ८ अर्ब चुक्ता पूँजी पुऱ्याउन सकेकोमा धन्यवाद ।

बैंकको सबै शेयर एकै प्रकारको रहेको छ । आवश्यकता अनुसार भिन्न प्रकारका शेयर जारी गर्न सोच्नु पर्ने आवश्यकता छ ।

बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च नियमक निकायको आवश्यकता अनुसार गर्न जोड दिनु भयो ।

भुक्तानी हुन बाँकी Dividend लाई तदारूकताका साथ आधुनिक प्रविधि मार्फत याथाशिघ्र भुक्तानी गर्न सुझाव दिनु भयो ।

बैंक, ग्राहक तथा शेयरधनी बिचका सम्बन्धको बिस्तारमा जोड दिनु पऱ्यो । बैंकको २५औं वार्षिकोत्सवको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्नु भयो ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांशः

शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा व्यक्त उपयुक्त र व्यवहारिक सुझावहरू कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो । सभामा उहाँ र प्रमुख कार्यकारी अधिकृतले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

बैंकका अध्यक्षले मेलम्ची मुद्दाको सम्बन्धमा बैंकले सो Counter Guarantee देश विकासमा योगदान दिन स्थापित परियोजना संलग्न रहेकोले सहभागिता जनाएको तर सो प्रकरणमा अप्ठ्यारो पर्दा सम्बन्धित सरकारी निकायको राम्रो सहयोग नपाएको गुनासो गर्नु भयो । बैंकका प्रमुख कार्यकारी अधिकृतले मेलम्ची सम्बन्धमा मित्र राष्ट्र चीनमा चलिरहेको मुद्दाको पेशी आगामी डिसेम्बर महिनामा रहेको जानकारी दिनु भयो ।

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा अध्यक्षज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्नु भयो ।

## १०. निर्णयहरू :

क) सामान्य प्रस्ताव

१) पच्चीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतिले पारित गऱ्यो ।

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १.३१५८ प्रतिशत नगद लाभांश रू. ८ करोड ५४ लाख १६ हजार ७ सय ८२ (बोनस शेयरको कर प्रयोजनको लागि) दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४) बैंकले आर्थिक वर्ष २०७३/७४ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत श्री प्रेम सेवा समाज, नाम्टार गा.वि.स. मकवानपुरलाई एम्बुलेन्स किन्नका लागि प्रदान गरेको रू. १२ लाख, श्री सिद्धि मेमोरियल फाउन्डेसन, भक्तपुरलाई प्रदान गरिएको बिरामी दर्ता किताब छपाई तथा टेलिभिजन खरिद वापतको रू. १९०,७९७/३४, श्री मैतीदेवी मन्दिरको सुरक्षार्थ मन्दिर परिसरमा जडान गरिएको सि सि टी भी खरीद तथा जडान वापतको रू. १५७,५१६/२०, एच. बि. एल. सेजन फेलोसिप अन्तर्गत ४ जना आर्थिक पत्रकारहरूलाई प्रदान गरिएको उक्त फेलोसिप अवार्ड वापतको रू. २३०,०००/०० मात्र लाई सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

५) अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितिका संयोजक श्री सुशीलविक्रम थापाले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/७५ का लागि लेखापरिक्षण कार्यका लागि इच्छुक धैरै लेखा परीक्षकको आवेदन परेको तथा सो मध्ये तीन उत्कृष्ट संस्थाहरू मध्येमा बि. आर. एस. एण्ड न्यौपाने चार्टर्ड एकाउन्टेन्टस्लाई बैंकको लेखा परीक्षकमा नियुक्त गर्ने र बैंकको लेखा परीक्षण, कर लेखा परिक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने कार्यका लागि तथा सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरू समेत गरि साबिक बमोजिमको कुल रू. १७ लाख मात्र (VAT बाहेक) पारिश्रमिक तोक्ने प्रस्ताब सर्वसम्मतिले पारित भयो ।

ख) विशेष प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको २५ प्रतिशतले हुने रू. १ अर्ब ६२ करोड २९ लाख ५ हजार ८ सय ७५ बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

२) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूची संलग्न) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।

**११. धन्यवाद ज्ञापन:**

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुभाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

**१२. सभा विसर्जन:**

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले पच्चीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विपिन हाडा)
कम्पनी सचिव

(मनोजबहादुर श्रेष्ठ)
सभापति

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# पच्चीसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. ३१ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । बैंकको कारोबार गर्ने स्थान नेपालको स्वीकृत प्राप्त स्थानमा र विदेशमा समेत रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | दफा २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. २८ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । बैंकको कारोबार गर्ने स्थान नेपालको स्वीकृत प्राप्त स्थानमा र विदेशमा समेत रहनेछ र आवश्यकताअनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | सरकारद्वारा स्थानिय तह पुर्नसंरचना गर्दा साबिक ठेगानाको वडा.नं फेरबदल भएकोले |
| **दफा ४(थ) बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याजआदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा समेत पठाउने, प्रचलितकानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने, | **दफा४(थ) बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** ग्राहकका निम्ति कमिशन एजेन्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा समेत पठाउने, शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने, उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्नेछ । साथै प्रचलितकानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने | व्यबसाय बिस्तारको लागि आफ्नै सहायक कम्पनी खोल्ने प्रयोजनका लागि |
| **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(क) बैंकको अधिकृत पूँजी रु. ८,५०,००,००,०००/- (अक्षरेपी आठ अर्ब पचास करोड रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु १००/- का दरले ८,५०,००,००० (आठ करोड पचास लाख थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु. ६,४९,१६,२३,५००/- (अक्षरेपी छ अर्ब उन्नचास करोड सोह्र लाख तेईस हजार पाँच सय रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु. ६,४९,१६,२३,५००/- (अक्षरेपी छ अर्ब उन्नचास करोड सोह्र लाख तेईस हजार पाँच सय रुपैयाँ) हुनेछ । | (क) बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १०,००,००,००० (दश करोड थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ । | आ.ब २०७३/७४ को नाफाबाट बोनस शेयर जारी गर्दा बैंकको बिद्यमान पूँजी संरचनामा हेरफेर हुने हुँदा । |
| बैंकका प्रबन्धपत्रको दफा ३, दफा ७ (च, झ), मा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०६३ उल्लेख भएकोमा | बैंकका प्रबन्धपत्रको दफा ३, दफा ७ (च, झ), मा बैंक तथा बित्तीय संस्था संम्बन्धी ऐन २०७३ रहने छ । | ऐन संशोधन भएकोले |

**नियमावली संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| नियम २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. ३१ कमलादी स्थितआफ्नै कर्पोरेट भवनमा रहनेछ । बैंकको कारोबार गर्ने स्थान नेपालको स्वीकृत प्राप्त स्थानमा र विदेशमा समेत रहनेछ र आवश्यकताअनुसार नेपाल राष्ट्र बैंकको स्वीकृतिलिई नेपालभित्र र बिदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ । | नियम २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. २८ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । बैंकको कारोबार गर्ने स्थान नेपालको स्वीकृत प्राप्त स्थानमा र विदेशमा समेत रहनेछ र आवश्यकताअनुसार नेपाल राष्ट्र बैंकको स्वीकृतिलिई नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | सरकारद्वारा स्थानिय तह पुर्नसंरचना गर्दा साबिक ठेगानाको वडा.नं फेरबदल भएकोले |

| | | |
|---|---|---|
| **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या:** | | |
| (क) बैंकको अधिकृत पूँजी रु. ८,५०,००,००,०००/- (अक्षरेपी आठ अर्ब पचास करोड रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु १००/- का दरले ८,५०,००,००० (आठ करोड पचास लाख थान) साधारण शेयरमा विभाजन गरिएको छ। | (क) बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु १००/- का दरले १०,००,००,००० (दश करोड थान) साधारण शेयरमा बिभाजन गरिएको छ। | आ.ब २०७३/७४ को नाफाबाट बोनस शेयर जारी गर्दा बैंकको बिद्यमान पूँजी संरचनामा हेरफेर हुने हुँदा। |
| (ख) तत्काल जारी पूँजी रु. ६,४९,१६,२३,५००/- (अक्षरेपी छ अर्ब उन्नचास करोड सोह्र लाख तेईस हजार पाँच सय रुपैयाँ) हुनेछ। | (ख) तत्काल जारी पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ। | |
| (ग) तत्काल चुक्ता पूँजी रु. ६,४९,१६,२३,५००/- (अक्षरेपी छ अर्ब उन्नचास करोड सोह्र लाख तेईस हजार पाँच सय रुपैयाँ) हुनेछ। | (ग) तत्काल चुक्ता पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ। | |
| **नियम ८. संचालकको संख्या र कार्यकाल:** बैंकको संचालक समितिको संरचना देहाय बमोजिम हुनेछ: | | |
| (क) बैंकमा ८ जना संचालक रहने गरी संचालक समितिको गठन हुनेछ। | (क) बैंकमा ७ जना संचालक रहने गरी संचालक समितिको गठन हुनेछ। | बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ मुताबिक मिलान गर्न र संस्थापक समूहबाट १ 'एक' जना संचालकको सख्या कम गरी माथि (क) संग मिलान गर्नु पर्ने भएकोले। |
| (ख) समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्ष सहित ४ जना संचालक। | (ख) समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्ष सहित ३ जना संचालक। | |
| (च) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट संचालक समितिले नियुक्त गरेको १ जना व्यवसायिक संचालक। | (च) संचालक समितिले ऐनको दफा १७ बमोजिम योग्यता तथा अनुभव भएका व्यक्तिहरु मध्येबाट १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गर्ने छ। | |
| ११. संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भए: | ११. संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भए : | |
| (१) बैंकको संचालकहरूको नियुक्ति देहाय बमोजिम हुनेछ। | (१) बैंकको संचालकहरूको नियुक्ति देहाय बमोजिम हुनेछ। | |
| क) ५१ प्रतिशत शेयर लिने समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने देहाय बमोजिमका व्यक्तिहरु संचालक नियुक्त हुनेछन्। | (क) ५१ प्रतिशत शेयर लिने समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निम्न उल्लेखित उपसमूहहरु मध्यबाट ३ (तीन) जना संचालक आपसी सहमती/ निर्वाचनबाट तय गरिने छ। | |
| – उपसमूह क १ का तर्फबाट - १ जना (आभा इण्टरनेशनल प्रा. लि. ले मनोनीत गर्ने संचालक) | – उपसमूह क १ का तर्फबाट आभा इण्टरनेशनल प्रा. लि. | |
| – उपसमूह क २ का तर्फबाट - १ जना (छाँया इन्टरनेशनल प्रा. लि. ले मनोनीत गर्ने संचालक) | – उपसमूह क २ का तर्फबाट छाँया इन्टरनेशनल प्रा. लि. | |
| – उपसमूह क ३ का तर्फबाट - १ जना (एन. ट्रेडिङ्ग कम्पनी प्रा. लि. ले मनोनीत गर्ने संचालक) | – उपसमूह क ३ का तर्फबाट एन. ट्रेडिङ्ग प्रा. लि. | |
| – उपसमूह क ४ का तर्फबाट - १ जना (म्युचुयल ट्रेडिङ्ग कम्पनी प्रा. लि. ले मनोनीत गर्ने संचालक) | – उपसमूह क ४ का तर्फबाट म्युचुयल ट्रेडिङ्ग कम्पनी प्रा. लि. | |
| बैंकका नियमावलीको नियम ११ (ङ), नियम १६ (१), नियम १९ (१) नियम २४, नियम २७ (१,२) नियम ३६ ४१ (७) मा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०६३ उल्लेख भएकोमा | बैंकका नियमावलीको नियम ११ (ङ), नियम १६ (१), नियम १९ (१) नियम २४, नियम २७ (१,२) नियम ३६ नियम ४१ (७) मा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ रहनेछ। | ऐन संशोधन भएकोले |

बैंकको २५ औं साधारण सभाबाट पारित प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतको लागि पेश हुँदा नेपाल राष्ट्र बैंकको मिति २०७५/०२/२० को पत्र संः बै.वि.नि.वि./वी.आर.२/हिमालयन/१६०/०७४/०७५ को पत्र अनुसार उपरोक्त संशोधनहरू नेपाल राष्ट्र बैंकबाट संशोधन सहित अनुमोदन भएको छ ।

संशोधनको विवरण तल उल्लेख गरिएको छ ।

| प्रबन्धपत्र तर्फ | |
|---|---|
| **प्रस्तावित संशोधन** | **यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक)** |
| दफा २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. २८ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । बैंकको कारोबार गर्ने स्थान नेपालको स्वीकृत प्राप्त स्थानमा र विदेशमा समेत रहनेछ र आवश्यकताअनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।<br><br>**दफा४(थ)बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा समेत पठाउने, शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने, उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्नेछ । साथै प्रचलितकानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । | दफा २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** "बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. २८ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।"<br><br>**दफा४(थ)बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज सम्बन्धित ग्राहकलाई पठाउने । ग्राहकका निम्ति शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने, उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्ने । साथै प्रचलितकानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । |
| **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १०,००,००,००० (दश करोड थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ ।<br><br>बैंकका प्रबन्धपत्रको दफा ३, दफा ७ (च, झ), मा बैंक तथा वित्तीय संस्था संम्बन्धी ऐन २०७३ रहनेछ । | संशोधन स्वीकृत गर्ने । |

**नियमावली तर्फः**

| प्रस्तावित संशोधन | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|
| नियम २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. २८ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । बैंकको कारोबार गर्ने स्थान नेपालको स्वीकृत प्राप्त स्थानमा र विदेशमा समेत रहनेछ र आवश्यकताअनुसार नेपाल राष्ट्र बैंकको स्वीकृतिलिई नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | नियम २ **बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय रहने ठेगानाः** "बैंकको केन्द्रीय (रजिष्टर्ड) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वडा नं. २८ कमलादी स्थित आफ्नै कर्पोरेट भवनमा रहनेछ । नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही नेपालभित्र र विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।" |
| **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु १००/- का दरले १०,००,००,००० (दश करोड थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) बैंकको जारी पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ ।<br>(ग) बैंकको चुक्ता पूँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ । | संशोधन स्वीकृत गर्ने । |
| **नियम ८. संचालकको संख्या र कार्यकालः** बैंकको संचालक समितिको संरचना देहाय बमोजिम हुनेछ:<br>(क) बैंकमा ७ जना संचालक रहने गरी संचालक समितिको गठन हुनेछ ।<br>(ख) समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्ष सहित ३ जना संचालक ।<br>(च) संचालक समितिले ऐनको दफा १७ बमोजिम योग्यता तथा अनुभव भएका व्यक्तिहरु मध्येबाट १ (एक) जना स्वतन्त्र संचालक नियुक्त गर्ने छ ।<br>११. संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भए :<br>(१) बैंकको संचालकहरूको नियुक्ति देहाय बमोजिम हुनेछ ।<br>(क) ५१ प्रतिशत शेयर लिने समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निम्न उल्लेखित उपसमूहहरु मध्यबाट ३ (तीन) जना संचालक आपसी सहमती/ निर्वाचनबाट तय गरिने छ ।<br>– उपसमूह क १ का तर्फबाट आभा इण्टरनेशनल प्रा. लि.<br>– उपसमूह क २ का तर्फबाट छाँया इन्टरनेशनल प्रा. लि.<br>– उपसमूह क ३ का तर्फबाट एन. ट्रेडिङ्ग प्रा. लि.<br>– उपसमूह क ४ का तर्फबाट म्युचुयल ट्रेडिङ्ग कम्पनी प्रा. लि.<br>बैंकका नियमावलीको नियम ११ (ङ), नियम १६ (१), नियम १९ (१) नियम २४, नियम २७ (१,२) नियम ३६ नियम ४१ (७) मा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ रहनेछ । | **नियम ८. संचालकको संख्या र कार्यकालः** बैंकमा ७ जनाको संचालक समिति रहनेछ जसको संरचना देहाय बमोजिम हुनेछः<br>(क) संस्थापक शेयरधनी समुहबाट मनोनित/निर्वाचित - ५ जना<br>(ख) सर्वसाधारण शेयरधनी समुहबाट निर्वाचित/मनोनित -१ जना<br>(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम योग्यता तथा अनुभव भएका व्यक्तिहरु मध्येबाट संचालक समितिले नियुक्त गर्ने स्वतन्त्र संचालक - १ जना ।<br>तर बैंकको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन ।<br>(घ) सञ्चालकहरुले आफुमध्ये बहुमतबाट छानेको कुनै एकजना व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ र निजले सञ्चालक समितिको अध्यक्षता गर्नेछ ।<br>संशोधन स्वीकृत गर्ने । |

# व्यवस्थापन टोली



**अशोक शमशेर ज.ब.रा.**
प्रमुख कार्यकारी अधिकृत



**इजाज कादीर गिल**
वरिष्ठ महाप्रबन्धक



**सुशील जोशी**
महाप्रबन्धक




**अनुप मास्के**
नायब महाप्रबन्धक



**उज्जलराज राजभण्डारी**
नायब महाप्रबन्धक



**रविन्द्रनारायण प्रधान**
सहायक महाप्रबन्धक



**महेश्वरप्रसाद जोशी**
सहायक महाप्रबन्धक

# प्रधान कार्यालय

एच बि एल कर्पोरेट बिल्डिङ्, कमलादी, पो.ब.नं. २०५९०, काठमाडौं
फोनः ९७७-१-४२२७७४९, फ्याक्सः ९७७-१-४२२२८००
ईमेलः himal@himalayanbank.com, स्विफ्टः HIMANPKA, वेभसाइटः http://www.himalayanbank.com

## उपत्यका भित्रका शाखा कार्यालयहरू

### ठमेल शाखा
शंकर जोशी
शाखा प्रबन्धक
कर्मचारी संचयकोष भवन, ठमेल
फोनः ९७७-१-४२५३०५४/४२२७७४५
फ्याक्सः ९७७-१-४२५०३५६

### महाराजगञ्ज शाखा
राजेश्वर नन्द सिंह
शाखा प्रबन्धक
महाराजगञ्ज, काठमाडौं
फोनः ९७७-१-४४२५१८३, ४४२४२९२
फ्क्यासः ९७७-१-४४२५१८१

### नयाँसडक शाखा
विजय मान नकर्मी
शाखा प्रबन्धक
बिशालबजार, काठमाडौं
फोनः ९७७-१-४२४३१०७/४२२४७८७
फ्याक्सः ९७७-१-४२४००८६

### भक्तपुर शाखा
तुल्सी कार्की
शाखा प्रबन्धक
सुकुलढोका, भक्तपुर
फोनः ९७७-१-६६१७४९३
फ्याक्सः ९७७-१-६६१७४९२

### पाटन शाखा
अनुसुया बस्न्यात
शाखा प्रबन्धक
पुल्चोक, ललितपुर
फोनः ९७७-१-५०१०५८४/५०१०५९३
फ्याक्सः ९७७-१-५०१०७५४

### टेकु शाखा
सागर कुमार रेग्मी
शाखा प्रबन्धक
टेकु, काठमाडौं
फोनः ९७७-१-४१०४५७२/४१०४६८७
फ्याक्सः ९७७-१-४१०४५६८

### चाबहिल शाखा
निरज थापा
शाखा प्रबन्धक
चुच्चेपाटी, चाबहिल, काठमाण्डौं
फोनः ९७७-१-५२१००४५
फ्याक्सः ९७७-१-५२१०२८७

### स्वयम्भू शाखा
सिद्धार्थ शर्मा
शाखा प्रबन्धक
हलचोक, काठमाण्डौं
फोनः ९७७-१-४२८५४६१
फ्याक्सः ९७७-१-४०३३७७६

### नयाँ बानेश्वर शाखा
अभय बहादुर शाह
शाखा प्रबन्धक
नयाँ बानेश्वर, काठमाण्डौं
फोनः ९७७-१-४७८५५८३
फ्याक्सः ९७७-१-४७८५५८९

### सोह्रखुट्टे शाखा
संजिव श्रेष्ठ
शाखा प्रबन्धक
सोह्रखुट्टे, काठमाण्डौं
फोनः ९७७-१-४३८९०३५
फ्याक्सः ९७७-१-४३८९०३६

### डिल्लीबजार, शाखा
बिन्दिया रायमाझी
शाखा प्रबन्धक
सिद्धी भवन, काठमाण्डौं
फोनः ९७७-१-४४३१६५८
फ्याक्सः ९७७-१-४४३१६५९

### कलंकी, शाखा
किशोर सुवेदी
शाखा प्रबन्धक
कलंकी चोक, काठमाण्डौं
फोनः ९७७-१-५२३४७६२
फ्याक्सः ९७७-१-५२३५०९५

### सातदोबाटो शाखा
रविन्द्रभक्त श्रेष्ठ
शाखा प्रबन्धक
सातदोबाटो चोक, ललितपुर
फोनः ९७७-१-५१५१९४५
फ्याक्सः ९७७-१-५१५१९३५

### बत्तिसपुतली शाखा
शिवचन्द्र अधिकारी
शाखा प्रबन्धक
बत्तिसपुतली, काठमाडौं
फोनः ९७७-१-४४८४९९०
फ्याक्सः ९७७-१-४४८४९९१

### कौशलटार शाखा
प्रदिप सिंह बोहोरा
शाखा प्रबन्धक
गट्टाघर, भक्तपुर
फोनः ९७७-१-६६३९५६४
फ्याक्सः ९७७-१-६६३९५६३

### सामाखुशी शाखा
दिब्या थापा
शाखा प्रबन्धक
गोगंबु, काठमाडौं
फोनः ९७७-१-४३५४६६३
फ्याक्सः ९७७-१-४३५४४४६

## उपत्यका बाहिरका शाखा कार्यालयहरू

### टाँडी शाखा
रेवन्त बहादुर सिंह
शाखा प्रबन्धक
सौराहा चोक, टाँडी, चितवन
फोनः ९७७-५६-५६०७५०/५६२८००
फ्याक्सः ९७७-५६-५६१८५०

### नारायणगढ शाखा
राजेश भट्टराई
शाखा प्रबन्धक
पुल्चोक, नारायणगढ, चितवन
फोनः ९७७-५६-५७२२२५, ५७१४७४
फ्याक्सः ९७७-५६-५७१८२२

### वीरगञ्ज शाखा
सुन्दर बास्तोला
शाखा प्रबन्धक
महावीर रोड, वीरगञ्ज, पर्सा
फोनः ९७७-५१-५२४६७८/५२७५०४
फ्क्यासः ९७७-५१-५२७५१८

### हेटौंडा शाखा
अनन्त चालिसे
शाखा प्रबन्धक
मेनरोड, हेटौंडा, मकवानपुर
फोनः ९७७-५७-५२५८७७, ५२२८९९
फ्याक्सः ९७७-५७-५२३१५६

### सिद्धार्थनगर शाखा
निर कुमार भण्डारी
शाखा प्रबन्धक
प्रहरी टोल, भैरहवा, रूपन्देही
फोनः ९७७-७१-५२४३९५, ५२६९४५
फ्याक्सः ९७७-७१-५२४४०७

### विराटनगर शाखा
रोशन मैनाली
शाखा प्रबन्धक
मेनरोड, शनिहाट, मोरङ्
फोनः ९७७-२१-५२४६५३/५३४९४४
फ्याक्सः ९७७-२१-५२८४५२

### बनेपा शाखा
प्रविन श्रेष्ठ
शाखा प्रबन्धक
तीन दोबाटो, बनेपा, काभ्रे
फोनः ९७७-११-६६४७३४
फ्याक्सः ९७७-११-६६४७३५

### धरान शाखा
ऋषेश्वर तिमल्सिना
शाखा प्रबन्धक
पुतली लाइन, धरान, सुनसरी
फोनः ९७७-२५-५२८९६६, ५२८९६७
फ्याक्सः ९७७-२५-५२८९६८

### पोखरा शाखा
सुजन मणि रिसाल
शाखा प्रबन्धक
न्यूरोड, पोखरा, कास्की
फोनः ९७७-६१-५३८९०७, ५४०२३०
फ्याक्सः ९७७-६१-५३८९०८

### बुटवल शाखा
शिवहरि पाण्डेय
शाखा प्रबन्धक
ट्राफिक चोक, बुटवल, रूपन्देही
फोनः ९७७-७१-५५१०१६/५५१०१७
फ्याक्सः ९७७-७१-५४६९०८

### नेपालगञ्ज शाखा
शैलेन्द्र मान श्रेष्ठ
शाखा प्रबन्धक
धम्बोजी, नेपालगञ्ज, बाँके
फोनः ९७७-८१-४११२९०
फ्याक्सः ९७७-८१-४११२९१

### इटहरी शाखा
मनोज दुमरू श्रेष्ठ
शाखा प्रबन्धक
धरान रोड, इटहरी, सुनसरी
फोनः ९७७-२५-५८७०४१, ५८७०४२
फ्याक्सः ९७७-२५-५८७९४०

### पाल्पा शाखा
निर्मला काफ्ले
शाखा प्रबन्धक
सिलखान टोल, तानशेन, पाल्पा
फोनः ९७७-७५-५२२६४१, ५२००९५
फ्याक्सः ९७७-७५-५२२६४२

### घोराही शाखा
विनय ज्ञवाली
शाखा प्रबन्धक
नयाँ सडक, घोराही, दाङ
फोनः ९७७-८२-५६२९०१
फ्याक्सः ९७७-८२-५६२९०२

### त्रिशुली शाखा
पुष्कल प्रसाद अधिकारी
शाखा प्रबन्धक
बट्टार बजार, त्रिशुली, नुवाकोट
फोनः ९७७-१०-५६१६९६
फ्याक्सः ९७७-१०-५६१६९७

### दमक शाखा
विभुती अर्याल
शाखा प्रबन्धक
दमक राजमार्ग, झापा
फोनः ९७७-२३-५८५२९१
फ्याक्सः ९७७-२३-५८५२९२

### बाग्लुङ् शाखा
छत्र प्रकाश गुरूङ्
शाखा प्रबन्धक
जीप पार्क, बाग्लुङ
फोनः ९७७-६८-५२२६९०
फ्याक्सः ९७७-६८-५२२६९१

### पर्सा शाखा
शान्ता अधिकारी
शाखा प्रबन्धक
नयाँ रोड, पर्सा, चितवन
फोनः ९७७-५६-५८३६२८
फ्याक्सः ९७७-५६-५८३६२९

### धनगढी शाखा
मौसम केसी
शाखा प्रबन्धक
रातोपुल, धनगढी, कैलाली
फोनः ९७७-९१-५२०२०२
फ्याक्सः९७७-९१-५२०२०४

### गोरखा शाखा
विश्व रन्जन ध्रुव पाण्डे
शाखा प्रबन्धक
बसपार्क, गोरखा
फोनः ९७७-६४-४२१५२०
फ्याक्सः ९७७-६४-४२१५२१

### बाह्रबिसे शाखा
विकास चन्द्र शाक्य
शाखा प्रबन्धक
बाह्रबिसे बजार, सिन्धुपाल्चोक
फोनः ९७७-११-४८९२९०
फ्याक्सः ९७७-११-४८९२९१

### कावासोती शाखा
आशिष घिमिरे
शाखा प्रबन्धक
सभापती चोक, नवलपरासी
फोनः ९७७-७८-५४१०४०
फ्याक्सः ९७७-७८-५४१०४५

### धादिङ् शाखा
राजेशचन्द्र प्रधान
शाखा प्रबन्धक
धादिङ्बेसी, धादिङ्
फोनः ९७७-१०-५२११११
फ्याक्सः ९७७-१०-५२१११०

### रामबजार शाखा
जन्मजय शम्शेर राणा
शाखा प्रबन्धक
अमरसिंह चोक, पोखरा, कास्की
फोनः ९७७-६१-४३०३०१
फ्याक्सः ९७७-६१-४३०३०२

### बिर्तामोड शाखा
सुबोध राई
शाखा प्रबन्धक
शनिश्चरे रोड, बिर्तामोड, झापा
फोनः ९७७-२३-५४५६११
फ्याक्सः ९७७-२३-५४५६१०

### बेत्रावती शाखा
रामकाजी थापा
शाखा प्रबन्धक
लहरेपौवा, बेत्रावती, रसुवा
फोनः ९७७-१०-६८१३४३
फ्याक्सः ९७७-१०-४१२००२

### बर्दिवास शाखा
बोधराज खनाल
शाखा प्रबन्धक
बर्दिवास, महोत्तरी
फोनः ९७७-४४-५५०१६१/६२

### हिले शाखा
हेम कुमार सिल्वाल
शाखा प्रबन्धक
शान्ति टोल, हिले, धनकुटा
फोनः ९७७-२६-५४०६२८

### लमही शाखा
रविन्द्र सिंह महत
शाखा प्रबन्धक
लमही बस पार्क, दाङ्
फोनः ९७७-८२-५४०८४२

### लम्की शाखा
जीतेन्द्र भण्डारी
शाखा प्रबन्धक
टिकापुर रोड, लम्की, कैलाली
फोनः ९७७-९१-५४०५१३

### सल्यान शाखा
चिरन रत्न शाक्य
शाखा प्रबन्धक
श्रीनगर, सल्यान
फोनः ९७७-८८-४०००१२

### कार्ड सेवा केन्द्र
सुनिल गोपाल राजभण्डारी
प्रमुख, मार्केटिङ्
कमलादी, काठमाडौं, फोनः ९७७-१-४२४६२१८,१९ फ्क्यासः ९७७-१-४२४५९३२
टोल फ्रि नं. १६६ ०० ११२ ०००

### विप्रेषण प्रवर्द्धन केन्द्र
युमा श्रेष्ठ
प्रमुख, मार्केटिङ्

सञ्चिता पाण्डे
प्रमुख, अपरेसनस्

कमलादी, काठमाडौं, फोन नं. : ९७७-१-४२२७७४९
टोल फ्रि नं. १६६ ०० १११ ०००

**सम्पर्क कार्यालय क्वालालम्पुर मलेशियाः** सन्तोष पराजुली, प्रमुख, फोनः +६०३ २०२२ ३६६४

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.